गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय बागलुङ
बागलुङ, नेपाल

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२२

## डिभिजन वन कार्यालय, बागलुङको प्रस्ताव आब्हान सम्बन्धी सूचना

यस कार्यालयको चालु ०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जडीबुटी विकास कार्यक्रम (संघ शसर्त अनुदान ) तर्फ तपसिल बमोजिमका कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रमको उद्धेश्य प्राकृतिक रुपमा वन तथा सार्वजनिक स्थानमा रहेका जडीबुटी संरक्षण गर्नुका साथै एउटै प्रजातिको जडीबुटी धेरै मात्रामा उत्पादन गरी जडीबुटी विकास तथा खेती विस्तार र उत्पादित जडीबुटीको सहज बिक्री वितरण गर्ने रहेकोले उक्त कार्यक्रम सञ्चालन गर्न चाहने सामुदायिक वन उपभोक्ता समूह, कबुलियति वन समूह, निजी वन धनी, कृषक समूहहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयले तोकेको ढाँचामा प्रस्ताव तयार गरी कार्यक्रमका लागि प्रस्ताव पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र प्राप्त हुन नआएको वा रीत नपुगेको आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | कार्यक्रम परिमाण | विनियोजित बजेट (लाखमा) | कैफियत |
|---|---|---|---|---|
| १ | पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार कार्यक्रम | १ | ८ | |
| २ | प्राकृतिक रुपमा रहेका जडीवुटी संरक्षण तथा व्यवस्थापन कार्यक्रम | १ | १५ | |

**पेश गर्नु पर्ने कागजातहरु**

१. अनुदान रकम इच्छुक समूह, सहकारी, संघसंस्थाहरु/फर्मले मिलेर संयुक्तरुपमा पेश गरे प्रस्ताव मुल्याङ्कनका आधारमा वजेट सिमासम्म उपलब्ध हुनेछ। कार्यक्रमको प्रस्ताव हेरी रकमको बाँडफाड, कार्यक्रम खण्डीकरण सम्वन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ।

२. प्रस्तावकले प्रस्ताव पेश गर्दा आफुले लगानी गर्ने साझेदारीको हिस्सामा कुल लगानीमा कम्तीमा ४० (चालिस) प्रतिशत नघट्ने गरी पेश गर्नु पर्नेछ।

३. अनुदान प्रस्ताव तोकिएको ढाँचामा हुनु पर्नेछ, विस्तृत आर्थिक तथा प्राविधिक प्रस्ताव साथमा उद्योग दर्ता/नविकरण प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रका प्रतिलिपिहरु, वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, नियमन गर्ने निकायको सिफारिस, वडा कार्यालयको सिफारिस, विस्तृत लागत अनुमान, सव डिभिजन वन कार्यालयको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

४. प्रस्तावमा सो क्षेत्रमा धेरै मात्रामा रहेका जडीबुटी, तिनीहरुको खेती गर्न सकिने अवस्था, जडीबुटीको व्यवसायिक लाभ र प्रस्तावकको लगानी प्रतिशत समेत उल्लेख गर्नु पर्नेछ।

**विस्तृत जानकारीको लागि**

डिभिजन वन कार्यालय, बागलुङमा सम्पर्क गर्न सकिनेछ।
सम्पर्क नं.: ०६८-५२०१३५
इमेल : dfobaglung@gmail.com
Website :www.dfobaglung.gov.np